# भूमे गाउँपालिका
# गाउँसभा बैठकमा

**गाउँपालिका अध्यक्ष श्री होम प्रकाश श्रेष्ठद्वारा प्रस्तुत**

आर्थिक वर्ष २०८१/०८२ को

# नीति तथा कार्यक्रम

भूमे गाउँपालिका
खाबाङबगर, रुकुम (पूर्वी भाग)

७ आषाढ २०८१

*भूमे गाउँपालिका रुकुम (पूर्व)को आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम*

**गाउँसभा सदस्यहरु,**

**राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु,**

१. सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि गठित र आम नागरिकको नजिकको सरकारको रुपमा स्थापित भूमे गाउँपालिकाको निर्वाचित स्थानीय सरकार प्रमुखको हैसियतले यस गरिमामय गाउँसभामा तेस्रो पटक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्वानुभूति महसुस गरेको छु। यस अवसरमा म नेपालमा प्रजातन्त्र, लोकतन्त्र, नागरिक सर्वोच्चता र सुशासन कायम गर्न इतिहासको विभिन्न कालखण्डमा भएका प्रजातन्त्रिक तथा राजनीतिक क्रान्ति, न्यायपूर्ण आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिकारी जनयुद्वको गौरवपूर्ण इतिहासलाई स्मरण र सम्मान गर्दै नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, राष्ट्रिय हित र लोकतन्त्रका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने महान शहीदहरु प्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

२. प्रजातन्त्रिक आन्दोलन, जनआन्दोलन, जनयुद्व,मधेस आन्दोलन लगायत नेपाली श्रमिक वर्गले गरेका मुक्तिकामी आन्दोलनहरु, न्यायप्रेमी जनसुमदायले गरेका न्यायपूर्ण आन्दोलनहरु, पुराना राज्यसत्ताका बिरुद्ध भएको राजनैतिक बिद्रोहहरुको नेतृत्वहरु, योद्वाहरु, वीरहरु, बिरङ्गनाहरु, घाइते अपाङ्ग योद्धाहरु लगायत सम्पूर्ण क्रान्तिकारी योद्धाहरुको अतुलनीय योगदान,त्याग, तपस्या बलिदानको विशेष सम्मान गर्न चाहान्छु । हमेशा क्रान्तिकारी आन्दोलन र बिद्रोहको चालक शक्तिको रुपमा रहेको नयाँ इतिहास निर्माण गर्ने इतिहासका निर्माता आदरणीय जनसमुदायप्रति नमन गर्न चाहान्छु ।

**गाउँसभा सदस्यहरु,**

३. भूमे गाउँपालिकाको दोस्रो कार्यकालको सरकारको रुपमा जिम्मेवारी लिएदेखि नै गाउँपालिकाको समग्र आर्थिक, सामाजिक, साँस्कृतिक, पूर्वाधार, वातावरणीय विपद जोखिम न्यूनिकरण, वातावरण संरक्षण र समग्र संस्थागत विकासका आवश्यक नीतिगत तथा संस्थागत पूर्वाधार तयार गरी सन्तुलित विकासलाई जोड दिंदै, विकासको गतिमा तिव्रता दिगोपना र फड्कोको परिकल्पना गरिएको छ ।

४. जिल्लाको साझा सरोकार, अन्तरपालिका स्तरीय सम्बन्ध, सहकार्य एकतामात्र होइन अन्तरप्रदेश, अन्तरजिल्लासँग विकासप्रति साझा बुझाई, विकासको लक्ष्य र परियोजना प्याकेज र साझा लगानी, साझा प्रतिफल लिई देश विकासको मूल प्रवाहमा सँगसँगै समाहित हुन हाम्रो पालिकाको तर्फबाट महत्वपूर्ण पहल र कार्यक्रमहरु भएका छन् । यसले अपेक्षित गति लिन नसके पनि हाम्रो तर्फबाट निरन्तर प्रयासलाइ कायम राखिएको छ।

५. विकासको लागि नागरिक भन्ने हाम्रो नारा प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्छ, विकासमा सबै नागरिकहरुको सहभागिता गराउने, अपनत्व लिने, संरक्षण गर्ने, विकासको क्रम स्तर उठाउने र प्रतिव्यक्ति आयमा वृद्धि गर्ने, शिक्षा र स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने र मानव विकासको समग्र पक्षलाई जोड  दिनुपर्छ ।

६. संघीयताको सिद्वान्तअनुरुप तहगत अन्तरसम्बन्ध, निकायगत समन्वय र क्षेत्रगत साझेदारी मार्फत सन्तुलित, समन्यायिक र समावेशी विकासको अवधारणालाई जोड दिइएको छ ।

७. विकट भौगोलिक अवस्थिति, उत्पादनको परम्परागत शैली, अवसरको कमी आदिको कारणले ठुलो श्रम शक्ति पलायनको बावजुत पनि कृषि, पशुपालन, फलफूलखेती, तरकारीखेती आदिमा स्थानीय उत्पादन र बजारीकरणले व्यावसायिकताको गति लिन थालेको छ ।

८. पूर्ण सरसफाईउन्मुख गाउँपालिका अभियान, वातावरणमैत्री गाउँपालिका अभियान, हरेक टोल पृथक उत्पादन, विशेषता र पहिचान अभियान, घरभित्रको धुँवा रहित गाउँपालिका अभियान, पोषणमैत्री स्थानीय शासन, बालमैत्री स्थानीय शासन, लैंगिक तथा जातीय विभेदमुक्त गाउँपालिका अभियान, सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर बृद्धि अभियान, पूर्ण खोपयुक्त गाउँपालिका, गुणस्तरीय स्वास्थ्य सेवा, मानव पूँजी निर्माण, अर्गानिक उत्पादनः भूमेको पहिचानजस्ता अभियानमुखी कार्यक्रमबाट गाउँपालिकालाई नमूना र समृद्ध बनाउनेतर्फ अग्रसर छौं ।

९. मध्यपहाडी लोकमार्गले गाउँपालिकाको पूर्व-पश्चिम र शहीद मार्गले उत्तर दक्षिण भागमा सडक पहुँच सहज हुनु, सक्रिय जनसंख्याको हिस्सा ठूलो हुनु, अर्गानिक जिल्ला घोषणा हुनु, तामा, फलाम, सिसा, मार्बल, स्लेट लगायतका खनिज र वन जस्ता प्राकृतिक स्रोतको उपयोगको प्रचुर सम्भावना हुनु, भाषा संस्कृति र परम्परागत मौलिकता, सूचना तथा सञ्चार प्रविधिको व्यापकता,

अधिकारसम्पन्न स्थानीय सरकारलाई बजेट तथा योजनाको अधिकार हुनु, डायस्पोरामा रहेका भूमेलीहरुको एकता, उत्सुकता र योगदान तथा साथ रहनु, पर्यापर्यटन र सांस्कृतिक पर्यटनको प्रचुर सम्भावना हुनु, तहगत सरकार र विकास साझेदारहरुको चासो र प्राथमिकता हुनु गाउँपालिकाको समग्र विकासका लागि ठूलो अवसर छ ।

१०. विकास र सेवामा नागरिकका तीव्र अपेक्षा बीच सन्तुलन कायम गर्नु, प्रभावकारी सेवा प्रवाह गर्नु, संस्थागत र नेतृत्वगत दक्षता, क्षमता र सीपको विकास गर्नु, विकासमा जनसहभागिता सुनिश्चित गर्नु, स्थानीय साधन स्रोतको समुचित उपयोग र वितरण गर्नु, तहगत सरकारहरु बीच समन्वय र सहकार्य सुनिश्चित गर्नु, आन्तरिक राजस्व वृद्धि गर्नु, आवश्यक नीति तथा कानून निर्माण गर्नु, समयमै विकास निर्माणका पूर्वाधारहरु निर्माण गर्नु, वस्तीस्तरको माग र गाउँपालिकाको रणनीतिक योजना बीच तालमेल मिलाउनु, आयोजनाको छनौट र प्राथमिकरण गर्नु, विनियोजनमा कुशलता प्रर्दशन गर्नु, कार्यान्वयन दक्षता बढाउनु, सुशासन प्रवर्द्धन गर्नु जस्ता चुनौतिहरु अजङ्गका पहाडझै हाम्रा सामु खडा छन् ।

११. आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, सार्वजनिक निर्माणमा गुणस्तरीयता र दिगो संरक्षणको सुनिश्चित गर्नु, विकास आयोजना कार्यान्वयन क्षमता अभिवृद्धि गर्नु, स्थानीयस्तरमा रोजगारी सिर्जनामार्फत यूवाहरुलाई गाउँमै फर्काउनु, आर्थिक तथा सामाजिक विकास गर्नु, बैंक तथा वित्तीय संस्थाको वृद्धि तथा वित्तीय साक्षरतामार्फत औपचारिक अर्थतन्त्रको विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिको विकास तथा साक्षरता वृद्धि गर्नु जस्ता चुनौतिहरु रहेका छन् ।

**उपस्थित सभाका सदस्यहरु एवं आम गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

*अब म नेपालको संविधान र प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय आकांक्षा, दिगो विकास लक्ष्य, नेपाल सरकार, प्रदेश सरकार र भूमे गाउँपालिकाले तय गरेको दीर्घकालीन सोंच, नीति, योजना र लक्ष्यका साथै गाउँपालिकाको वर्तमान परिस्थितिलाई ध्यानमा राखी आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।*

१२. सडक पूर्वाधार विकासको क्षेत्रमा उल्लेख्य प्रगति भई सिंगो गाउँपालिका सडक सञ्जालमा जोडिएकोले पूर्वाधारको अर्को क्षेत्र भवन पूर्वाधार संरचनाहरु गाउँपालिकाको प्रशासनिक भवन, वडा कार्यालयहरु, स्कुल भवनहरु, स्वास्थ्य सेवाका भवनहरु, सामुदायिक भवनहरु, कृषि उपज संकलन केन्द्र, चिस्यान केन्द्र निर्माणको काम एकैसाथ अगाडी बढेको छ । भने अर्कोतर्फ सडक पूर्वाधारमा गाउँपालिकाको रिङरोड पूरा गर्नुपर्ने अझै ठुला-ठुला टोल र वस्तीहरु लिङ्करोड मार्फत सडक सञ्जालमा जोड्नुपर्ने कार्य जिम्मेवारीहरु यथावत नै छन् ।यी दुवै कामहरु समानान्तर रुपमा अगाडी बढाउनुपर्ने छ ।

१३. चालु आर्थिक वर्षमै भूमे गाउँपालिकाको कृषि नीति र कृषि गुरुयोजना तयार गर्न फास्टन एक्सन, झुम्लाबाङ भिलेज फाउन्डेसन, प्राक्टिकल एक्सन. डिकोस नेपाल जस्ता गैर सरकारी संस्थाहरुसंग सहकार्य गरिनेछ । गाउँपालिका भित्रका निश्चित वडा र टोल छनोट गरी जलवायु परिवर्तन अनुकुलन तथा पर्यावरणीय कृषि प्रणालीमा आधारित नमुना कृषि गाउँ कार्यक्रम सञ्चालन गरिनेछ।ती टोलहरुलाई नमूना कृषिको रुपमा विकास गरी पर्यापर्यटन प्रर्वद्धन गरिनेछ।अन्य वडाहरुमा भने कृषि नीति अनुसार माटो सुहाउँदो कृषि वालीको प्रर्वद्धन गरिनेछ।

१४. एकजना व्यावसायिक किसानको सट्टा सिंगो सामुदायिक किसानलाई जोड दिने, थोरै उत्पादन तर घर-घरमा उत्पादनको नीतिलिई समुदायलाई नै व्यावसायिकतामा अग्रसर गराइनेछ।बाँझो जमिनको सदुपयोग गर्न कृषि वन कार्यक्रमको अवधारणा विकास गरी इच्छुक किसानहरुलाई नि:शुल्क बिरुवा वितरण गरिनेछ।

१५. नमूना कृषि गाउँको अवधारणामा गाउँपालिका र डिकोस नेपालको समुन्नती परियोजनाको सहकार्यमा वडा नं. ८ को कुचिबाङ टोलमा आम किसानलाई नै परिचालन गरी गरिएको कृषि वालीले व्यावसायिक आकार ग्रहण गरिसकेको छ, यसले गाउँपालिकालाई हौसला प्रदान गरेको छ।यस कार्यक्रमलाई आगामी वर्षमा अन्य वडाहरुमा विस्तार गरिनेछ।पर्यावरणमा आधारित पुर्नउत्पादक कृषि प्रविधिलाई प्राथमिकतामा राखि स्थानीय उत्पादन प्रर्वद्धन गर्नको लागि उन्नत कम्पोष्ट मल, जैविक झोल विषादी, जैविक झोलमल, बोकासी मल, कम्पोष्ट चिया, गड्यौला मल, कोसेवाली खेती प्रर्वद्धन, वालीचक्र प्रविधि मिश्रित तथा अन्तरवाली, छाप्रो प्रविधि जस्ता क्रियाकलाप सञ्चालन गरी वाली विविधिकरणमा जोड दिइनेछ ।

१६. भूमे गाउँपालिकाको कार्यालय परिसरमा माटो परीक्षण प्रयोगशाला सञ्चालनमा आइसकेकोमा संघीय सरकार र प्रदेश सरकारबाट समेत प्राप्त माटो परीक्षण नतिजा र सुझावका आधारमा सुहाँउदो वाली लगाउने कार्यलाई प्रर्वद्धन गरिनेछ । संघीय सरकारसँगको सहकार्यमा माटोको स्वास्थ्य तथा गुणस्तर प्रर्वद्धन सम्बन्धी कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ ।

१७. रैथाने बाली र लोपोन्मुख वालीलाई संरक्षण गर्न **विउ बैंक** स्थापना गरी **अर्गानिक उत्पादनः भूमेको पहिचान** नारालाई सार्थक बनाइनेछ।

१८. विकास साझेदार संस्थाहरुसँगको समन्वय र सहकार्यमा कृषि क्षमता अभिवृद्धिका लागि दर्ता भएका र दर्ता हुन बाँकी सबै कृषक समुहहरुलाई व्यावसायिक योजना निर्माण, उद्यमशिलता सम्बन्धी तालिम, डिजिटल वित्तिय साक्षरता लगायतका कार्यक्रममार्फत उत्पादन बृद्धि, बजारीकरण, आयआर्जन र बचत जस्ता पक्षमा कृषकहरुको क्षमता अभिबृद्धि भएको छ । जसलाई निरन्तर अगाडी बढाई कृषि क्षेत्रको विकासमा टेवा पुर्‍याइनेछ ।

१९. कृषक सञ्जाललाई अभिमूखिकरण गरी व्यवस्थित गर्ने, यान्त्रिकीकरणमा अनुदान सहायता दिने, कृषि उपज संकलन केन्द्र, रष्टिक स्टोरलाई प्रयोगमा ल्याई कृषि उपजलाई व्यवस्थित गर्ने, भणडारण गर्ने र बजारीकरण गरिनेछ । भूमे गाउँपालिका वडा नं. ३ को रतुवामारेमा निर्माणाधिन चिस्यान केन्द्रलाई चालु आर्थिक वर्षमै निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइने छ ।

२०. भूमे गाउँपालिका वडा नं. २ काँक्रीमा गहुँ वालीको कृषक पाठशाला कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ । सानो क्षेत्रफलमा धेरै उत्पादन दिने खेती प्रविधिको उक्त परीक्षणले कृषकलाई आकर्षित गरेको छ, यसलाई वाली विकासका अन्य क्षेत्रमा समेत विस्तार गरिनेछ ।

२१. उत्पादन र परिणामको हिसाब नगरी अनुदान थुपार्ने, उपलब्धी विनाको अनुदान छर्दै जाने, र सरकारको बजेट दुरुपयोग हुँदै जाने अवस्थालाई तुरुन्तै सुधार गरी मेहनती, स्वावलम्वी, व्यवसायप्रति अग्रसर, उत्पादनमा योगदान दिने किसानलाई मागको आधारमा अनुदान सहयोग दिने नीतिमा जोड दिइनेछ। नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको अनुदान वितरणमा एकरुपता नभइ भिन्न भिन्न प्रकृतीको अनुदान कार्यक्रमको कारणले प्रभावकारी कार्यान्वयन नहुने, स्थानीय सरकारको अनुदान कार्यक्रमलाई सञ्चालन नगर्ने नीति अपनाइनेछ । वास्तविक किसानहरुलाई निकायगत सिफारिस दिने तर विउ विजनको अनुदानमा फरक मोडालिटिमा जाने नीति लिइनेछ।

२२. पशुपालन र घाँसखेति, दुध र मासुजन्य पदार्थ, डेरी र मासु बजार जस्ता व्यवसायिलाई एउटै श्रृङ्खलामा जोडिनेछ । पशु नश्ल सुधार, उन्नत पशु व्यवसाय, कृत्रिम प्रजनन् केन्द्र तथा पशु ल्यावको सञ्चालन गरी पशुपालन व्यवसाय प्रर्वधन गरिनेछ ।

२३. खाद्य सुरक्षा र खाद्य सम्प्रभूता साथै पोषण सुरक्षा सुनिश्चितताको मान्यता अनुरुप उत्पादक र उपभोक्ताको अधिकार सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ।

२४. कृषक समूह तथा सहकारीमार्फत जैविक विषादी, प्राङ्गारिक मल उत्पादन तथा वितरण गर्नुका साथै प्लाष्टिकजन्य तथा रासायनिक पदार्थ आयात र प्रयोगमा रोक लगाई "अर्गानिक उत्पादनः भूमेको पहिचान" भन्ने मूल नारा कार्यान्वयनमा जोड दिइनेछ ।

२५. उत्पादनका आधारमा प्रोत्साहन नीतिलाई जोड दिँदै स्थानीय उत्पादनलाई प्रवर्द्धन तथा संरक्षण गर्न **कोदो, फापर, सिमी, भटमास, माटे, चिनो, कागुनो, कालो धान** जस्ता स्थानीय महत्वका लोपोन्मुख रैथाने बालीहरु उत्पादन गरी आफूले उपभोगपछि बिक्री गरेमा सहकारी तथा कृषि उपज संकलन केन्द्रमार्फत खरिद गरी बजार मूल्यको ५०% थप प्रोत्साहन अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२६. स्थानीय उत्पादनको बजारीकरण तथा उपभोगको संस्कृति विकास गर्न **खाद्य आनीबानी परिवर्तन र पोषणयुक्त खाद्यवस्तु उपभोग सम्बन्धी सचेतनामूलक कार्यक्रम** सञ्चालन गरिनेछ। इच्छुक अनुभवी कृषकहरुलाई आवश्यकतानुसार हरित स्वयंसेवकको रुपमा परिचालन गरिनेछ ।

२७. **सफा र हरियालीः समृद्ध भूमे** नारालाई सार्थक तुल्याउन **प्लाष्टिकजन्य झोला, माला र खादाको प्रयोगमा निरुत्साहन गर्ने** लुम्बिनी प्रदेशको नीतिलाई आत्मसाथ गर्दै **घरायसी झोला उत्पादन र पुष्प खेतीमा अनुदान** तथा बजारीकरणका लागि सहजीकरण गरिनेछ।पलाष्टिकजन्य फोहोर व्यवस्थापनको लागि आवश्यक कार्ययोजना तयार गरिनेछ।

२८. कृषि तथा पशुपंक्षी सम्बन्धी प्राविधिक सेवालाई घरदैलोमै पुऱ्याइनेछ। कृषक रेडियो शिक्षा कार्यक्रम, स्थलगत अवलोकन जस्ता कार्यक्रममार्फत उत्पादन, आय आर्जन, बाली विकास र व्यवसायीकरणमा जोड दिइनेछ ।किसान सूचिकरण प्रणालीमा आवद्ध भएका किसानहरुको किसान परिचयपत्र वितरण गरिनेछ।साथै, बाँकी रहेको किसान सूचिकरणको कार्यलाई अनिवार्य

रुपमा अगाडी बढाइनेछ र आगामी आर्थिक वर्षमा किसान परिचयपत्र भएका कृषकहरुलाई विशेष प्राथमिकता दिइनेछ ।

२९. कृषि पेसालाई सम्मानजनक पेसाका रुपमा विकास गर्न तथा व्यावसायिक कृषि पेसामा आकर्षण गर्न वडास्तरमा र गाउँपालिकास्तरमा **उकृष्ट कृषक र उत्कृष्ट विरुवा** छनौट गरी कृषक दिवसको अवसरमा वार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।

३०. पहिचान गरिएका केरा पकेट, तरकारी पकेट, मसला बाली पकेट, किवी तथा अन्य फलफूल पकेट जस्ता कृषि पकेटलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा अन्य निकायसँगको साझेदारीमा स्याउ ओखर पकेट विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३१. मारिङ कृषि अनुसन्धान केन्द्रमा फलफूल स्रोत केन्द्र, कृषि उद्योग र कृषि पर्यटन, नयाँ प्रजातिको विरुवा परीक्षण स्थल तथा जडिबुटी उत्पादन सिकाई केन्द्रको रुपमा विकास गरिनेछ ।

३२. व्यावसायिक पशुपालन प्रवर्द्धनका लागि गाउँपालिकाको उपयुक्त ठाउँ छनौट गरी **घाँस स्रोत केन्द्र, हिउँदे एवं वर्षे घाँसबाली र डाले घाँस नर्सरी** स्थापनाका साथै पोषणयुक्त पशु आहार निर्माण सम्बन्धी तालिम प्रदान गरिनेछ।

३३. नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकार र निकायहरुसँगको सहकार्यमा अण्डा, मासु र दूधमा आत्मनिर्भर हुन पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै सम्भावित क्षेत्रहरुमा नमूना भेडा फर्म, बाख्रा फर्म, लोकल कुखुरा फर्म, बंगुर फर्म, गाइ/भैंसी फर्म हरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३४. बाह्य लगानी आकर्षण गर्न आवश्यक नीतिगत तथा प्रशासनिक प्रबन्ध गरी स्थानीय उद्योग क्षेत्रको प्रवर्द्धनमार्फत रोजगारी सृजना र स्वावलम्बनमा जोड दिइनेछ। **समुदायमा रहेका परम्परागत कुटिर उद्योगहरुलाई सामूहिक उद्योगमा परिणत** गरी व्यावसायिक र आधुनिकीकरणतर्फ जोड दिइनेछ ।

३५. व्यवसायिक सीप विकासमार्फत पहिचान भएका उद्यमीहरुलाई प्राविधिक सहयोग तथा उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरी आवश्यकता र पहिचानका आधारमा सीप विकास

तालिम र प्रविधि हस्तान्तरण गरिनेछ। द्धन्द्ध पिडित, अशक्त तथा अपाङ्गता भएका, मानसिक रुपमा अशक्त भएका व्यक्तिहरुका लागि विभिन्न किसिमका आयआर्जन तथा जिविकोपार्जनका गतिविधिहरु सिर्जना गरिनेछ ।मानिसिकरुपमा अशक्त भएका व्याक्तिहरुको लागि निःशुल्क औषधी उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

३६. उद्यमशीलतालाई प्रवर्धन गर्न **शहिद धनमाया श्रेष्ठ महिला उद्यमशीलता प्रवर्द्धन कार्यक्रम**लाई निरन्तरता दिँदै घरेलु उद्योगमा आधारित लघु उद्यम प्रवर्द्धन गर्न सबै निकाय तथा संघसंस्थासँग साझेदारी गर्ने नीति लिइनेछ ।

३७. लघुउद्यम तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ। नवप्रवर्तनात्मक उद्योग सञ्चालन गर्न चाहने उद्यमीहरुका लागि मागमा आधारित अनुदान तथा उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

३८. रोजगार रणनीति तर्जुमालाई अन्तिम रुप दिई रोजगार संवाद मञ्चमार्फत **"श्रमको सम्मानः राष्ट्रको अभियान"** कार्यक्रम सञ्चालन गरिनेछ। रोजगार सेवा केन्द्रलाई सुदृढ गर्दै बजारको मागका आधारमा श्रमिक आपूर्ति गर्ने माध्यमको रुपमा विकास गर्नुका साथै श्रम स्वीकृति र सुरक्षित वैदेशिक रोजगार सम्बन्धी परामर्श सेवा प्रदान गरिनेछ।

३९. प्राविधिक शिक्षालयहरुसँगको सहकार्यमा व्यावसायिक सीपमा आधारित तालिममार्फत दक्ष जनशक्ति उत्पादन, उपयोग र स्वरोजगार प्रवर्धन गर्नुका साथै गाउँपालिकामा **रोजगार प्रवर्धन** सीप विकासमा जोड दिइनेछ ।

४०. प्रधानमन्त्री रोजगार कार्यक्रमले निर्दिष्ट गरे बमोजिम एक आर्थिक वर्षमा न्यूनतम् १०० दिन बराबरको रोजगारीमा सहभागी गराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा दिगो र प्रभावकारी हुने खालका आयोजनाहरु सञ्चालन गरी रोजगारीको सृजना गरिनेछ।

४१. वैदेशिक रोजगारबाट प्राप्त सीपलाई उपयोग गरी स्वरोजगार तथा उद्यम प्रवर्धनतर्फ जोड दिइनेछ। रोजगार बजारको अवस्था र उपलब्धता पहिचान गरी रोजगारदाता र रोजगारकर्तालाई एकीकृत प्रणालीमा जोड्न श्रम बैंक गठन गरि रोजगार सेवा केन्द्रसँग आवद्ध गर्ने नीति लिइनेछ ।

४२. दिगो पर्यटन विकासका लागि पर्यटन क्षेत्र गुरुयोजना तयार भएको छ । प्राकृतिक, साँस्कृतिक, ऐतिहाँसिक पर्यटन क्षेत्रको पहिचान र सम्भाव्यता अध्ययनको प्रारम्भिक कार्य सम्पन्न भएको छ । पर्यटन प्रवर्द्धन गर्न पूर्वाधार निर्माणका गर्नुका साथै अन्तरसम्बन्धित क्षेत्रहरुको पहिचान तथा विकासमा जोड दिइनेछ ।

४३. पर्यटन क्षेत्रमा रोजगारी प्रवर्द्धन, आर्थिक उपार्जन र व्यावसायिक रुपान्तरण सम्बन्धी कार्यक्रमका लागि तहगत सरकार तथा निजी क्षेत्रसँग साझेदारी र सहकार्य गरिनेछ।

४४. एक सहकारीः एक मुख्य चिनारी अभियानमार्फत गाउँपालिकाभित्रका सबै सहकारी संस्थाहरुले उत्पादन, बचत संकलन तथा बजारीकरण जस्ता कुनै एक क्षेत्रमा उल्लेख्य कार्यक्रम सञ्चालन गर्नुपर्ने नीति अनिवार्यता गरिनेछ। अन्तरसहकारी सम्वाद तथा सहकार्य सम्बन्धी कार्यक्रममार्फत सहकारी आन्दोलन प्रभावकारी बनाइनेछ ।

४५. जिल्ला सहकारी संघ तथा अन्य निकायसँगको समन्वयमा सहकारीको नियमन तथा सहजीकरणलाई प्रभावकारी बनाई समान उद्देश्य र कार्यक्षेत्र भएका सहकारीबीच अन्तर सहकारी संवाद तथा सहकार्य, एकीकरण, निष्क्रिय सहकारी खारेजी र उत्पादनमूलक सक्रिय सहकारीहरुलाई क्षमता विकास तथा प्रोत्साहन गरिनेछ।

४६. बैंक तथा वित्तीय संस्था, सहकारी तथा साझेदार संस्थाहरुसँगको सहकार्यमा गाउँ गाउँमा **डिजिटल वित्तीय साक्षरता कार्यक्रम** सञ्चालन भईरहेकोछ, यसलाई निरन्तरता दिइनेछ।

४७. विगतमा गरिबी निवारण कोषद्वारा प्रवर्द्धित घुम्ती कोषहरुलाई साना सहकारीमा परिणत गरी पूँजी परिचालन र सदुपयोगको व्यवस्था मिलाइनेछ।

**गाउँसभा सदस्यहरु तथा उपस्थित महानुभावहरु,**

४८. शैक्षिक रुपान्तरणका लागि **शिक्षक, अभिभावक र जनप्रतिनिधिबीच नियमित अन्तरक्रिया** कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न **कक्षा ४ देखि कक्षा ११ सम्म प्रश्नपत्रमा एकरुपता** कायम गर्नुका साथै विद्यालय तथा शिक्षक लक्षित दण्ड र पुरस्कारको नीति अवलम्बन गरिनेछ।

४९. सामुदायिक विद्यालयको समग्र शैक्षिक तथा व्यवस्थापकीय सुधार गर्नका लागि प्रतिस्पर्धाको आधारमा प्रधानाध्यापकको छनौट गर्ने कार्यको शुरुवात गरिनेछ। प्रधानाध्यापकलाई प्रोत्साहन तथा थप जिम्मेवारी प्रदान गरी विद्यालयको प्रशासकीय र व्यवस्थापकीय सुधारका लागि **प्रधानाध्यापकसँग कार्यसम्पादन करार सम्झौता** गरी सूचकका आधारमा नियमित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरी विद्यालय शिक्षा सुधार परियोजनालाई व्यवस्थित गरी कडाइका साथ कार्यान्वयन गरिनेछ।

५०. स्थानीय **तथ्याङ्क संकलनमा विद्यार्थी परिचालन** गरी व्यावहारिक ज्ञान आर्जन र ज्ञान निर्माणमा जोड दिइनेछ। विद्यार्थीहरुलाई बाल्यकालदेखि नै व्यवसायिक सीप विकासका लागि नवप्रवर्तन र अनुसन्धानमा आधारित शिक्षा, STEM शिक्षा, स्थानीय कला संस्कृति तथा व्यवहारिक शिक्षा जस्ता विषयलाई पाठ्यक्रम तथा अतिरिक्त क्रियाकलापमा समेटिनेछ । प्रतिस्पर्धात्मक प्रविधिमैत्री शिक्षा प्रवर्धनमा जोड दिइनेछ । शैक्षिक पहुँच सुनिश्चितताका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

५१. सुरक्षित विद्यालयको अवधारणामा गुणस्तरीय शैक्षिक, भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारमा जोड दिइनेछ। शिक्षक दरबन्दी मिलान, कक्षा मिलान गरी सामुदायिक विद्यालयहरुमा आवश्यक दरबन्दी नभई आम नागरिकमा पर्न गएको भार, शिक्षक अपुग भएर आवश्यक न्यूनतम् पाठ्यघण्टा समेत नपुग्ने अवस्थालाई मध्यनजर गर्दै आवश्यकता र औचित्यताका आधारमा **स्थानीय शिक्षण सिकाई अनुदान** दिइनेछ ।

५२. शैक्षिक तालिम केन्द्रलाई थप व्यवस्थित गर्दै अन्तर सरकार समन्वय र साझेदार निकायसँगको समन्वय र सहकार्यमा सूचना प्रविधि, नविनतम प्रविधि तथा शिक्षण सिकाई सीप सम्बन्धी तालिम सञ्चालन गरिनेछ। स्थानीयस्तरमा उपलब्ध सामग्रीहरुको अधिकतम उपयोग गरी शिक्षण सिकाई सामग्री निर्माण तथा क्षमता विकास सम्बन्धी कार्यशाला सञ्चालन गरिनेछ। माद्यामिक शिक्षा परीक्षा सकेर बसेका कम्प्युटर शिक्षा सिक्न चाहाने विद्यार्थीहरुका लागि आधारभूत कम्प्युटर शिक्षा प्रदान गर्ने व्यवस्था गरिने छ ।

५३. आर्थिक अभावका कारणले व्यवसायिक उच्च शिक्षा हासिल गर्ने अवसरबाट बञ्चिति व्यहोर्नुपरेका मेधावी विद्यार्थीहरुलाई प्राविधिक र व्यवसायिक शिक्षा हासिल गर्नका लागि **शैक्षिक कर्जा कार्यक्रम** निरन्तरता दिइनेछ। साथै, प्राविधिक शिक्षालयहरुमा नि:शुल्क शिक्षा अध्ययनका लागि

जान चाहने इच्छुक विद्यार्थीहरुको लागि गाउँपालिकाबाट सिफारिस गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५४. शिक्षक तथा विद्यार्थीहरुलाई प्रतिस्पर्धात्मक विधिमार्फत प्रविधिमा आधारित शिक्षण सामग्री उत्पादन, अडियो भिडियो, **सूचना तथा सञ्चार प्रविधिमा आधारित पुस्तकालय तथा कक्षा निर्माण**का साथै दिवसीय कार्यक्रम सञ्चालनमा जोड दिइनेछ। सामुदयिक विद्यालयको नतिजा सुधारका लागि गणित, विज्ञान, अङ्ग्रेजी विषयको लागि शिक्षण सिकाई अनुदान दिइनेछ।

५५. स्थानीय पाठ्यक्रममा वृहत्तर यौनिकता तथा प्रजनन स्वास्थ्य शिक्षाको पूर्णाङ्क हेरफेर गरी कम्युटर शिक्षा, समुदाय सुरक्षा जस्ता विषयवस्तु समावेश गरी विद्यालयस्तरमा अध्ययन अध्यापन र प्रविधिको ज्ञान दिने व्यवस्था मिलाइनेछ। **किशोर किशोरीमैत्री नमूना सूचना केन्द्र**को सञ्चालन तथा विस्तारमा जोड दिइनेछ । मातृभाषा शिक्षालाई निरन्तरता दिइनेछ।

५६. स्वास्थ्य सम्बन्धी पूर्वाधार निर्माण तथा संस्थागत प्रणालीमा थप सुदृढिकरण गर्दै स्वास्थ्य संस्थाहरुमा औषधी, उपकरण, स्वास्थ्यकर्मीको पर्याप्त व्यवस्था तथा परिचालन गरी आम गाउँपालिकाबासीको स्वास्थ्य सुविधा पहुँचमा विशेष जोड दिइनेछ।

५७. स्वास्थ्य संस्थाहरुलाई न्यूनतम सेवा मापदण्डको प्रगतिको आधारमा मूल्याङ्कन गरी सुदृढिकरण गरिनेछ। स्वास्थ्य पूर्वाधार, पोषण सुधार, स्वास्थ्य सेवा प्रवर्धनमा जोड दिइनेछ । साथै कुपोषित बालबालिकाहरुको उपचारका लागि भूमे २ काँक्री स्वास्थ्य चौकीमा संचालित ओटिसी (OTC) सेवालाई भूमे गाउँपालिकाका अन्य स्वास्थ्य चौकीहरुकमा विस्तार गरिनेछ।

५८. द्वन्द्व पीडित, अति विपन्न परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति र दीर्घ रोगीहरुको तथ्याङ्क संकलन तथा पुनर्प्राथकिकीकरण गरी निःशुल्क स्वास्थ्य बीमा तथा लक्षित कार्यक्रमको व्यवस्थालाई निरन्तरता दिइनेछ । साथै अशक्त, असहाय र **७० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई घरघरमै स्वास्थ्य सेवा र दीर्घ रोगीहरुलाई निःशुल्क औषधी व्यवस्थालाई** निरन्तरता दिइनेछ।

५९. संघ तथा प्रदेश सरकारले लिएको स्वास्थ्य सम्बन्धी नीतिलाई स्थानीयकरण गर्दै परिवार कल्याण कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, महमारी रोग नियन्त्रण कार्यक्रम, एकीकृत बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना, उपचारात्मक सेवा, नर्सिङ

तथा सामाजिक सुरक्षा कार्यक्रम जस्ता कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

६०. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँचको सुनिश्चितताका लागि गुणस्तरीय स्वास्थ्य सम्बन्धी उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमलाई कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकार र अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

६१. नसर्ने तथा दीर्घ रोगहरुको पहिचान र निदानका लागि सबै वडामा घुम्ती स्वास्थ्य शिविर सञ्चालन, स्वास्थ्य सेवाको पहुँच कम भएका टोलहरुमा विशेषज्ञ सहितको एकीकृत घुम्ती स्वास्थ्य शिविर र स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

६२. नसर्ने रोगको रोकथाम तथा प्राकृतिक चिकित्सा पद्धतिलाई प्रवर्द्धन गर्न प्रदेश सरकारसँगको सहकार्यमा आरोग्य केन्द्र, योग ध्यान शिविर, सामाजिक परामर्श तथा गृहिणी भान्सा सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

६३. तिलगंगा आँखा प्रतिष्ठानसँगको सहकार्यमा गाउँपालिकामा आगामी आर्थिक वर्षमा ग्रामिण **आँखा उपचार केन्द्र स्थापना** गर्ने कार्य सम्झौताको प्रकियामा छ । गाउँपालिकाका नागरिकहरुले आफ्नै घर आगनमा आँखा उपचारको सेवा पाउने अवसरको व्यवस्था गरिनेछ।साथै, निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवालाई गुणस्तरीय एवं जनमुखी बनाउन अभिलेखीकरण, प्रभावकारी अनुगमनमा जोड दिइनेछ ।

६४. महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह मार्फत गाउँ टोलसम्म स्वास्थ्य सेवा र परामर्श सम्बन्धी कार्यक्रमलाई विस्तार गरी अभिलेखीकरण र प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६५. संस्थागत सुत्केरी सेवालाई थप प्रभावकारी बनाउन सुत्केरी भान्छा घर निर्माण तथा सञ्चालनमा आइरहेको छ, यस कार्यालाई थप व्यवस्थित गरिदै लगिनेछ। गर्भवती र सुत्केरी आमाको मृत्युदरलाई शून्य पार्न विगतमा अपनाइएको नीति तथा कार्यक्रमलाई निरन्तरता दिँदै प्रसूति चेकजाँच र रेफरका लागि निःशुल्क एम्बुलेन्स सेवा, मोबाईल स्वास्थ्य कार्यक्रम संचालन गरी मातृ तथा शिशु मृत्युदरमा कमी ल्याइनेछ । साथै **पोषण तथा सरसफाई झोला** कार्यक्रम निरन्तरता दिइनेछ।

६६. अगाङ्गता भएका वालवालिकाहरुको जन्मिनेदरमा कमी ल्याउन सम्पूर्ण गर्भवती आमाहरुलाई निःशुल्क क्यालसियम चक्की तथा परिवार योजनामा रहेका दम्पतिहरुलाई फोलिक एसिड वितरण गर्ने कार्यक्रम संचालन गरिनेछ ।

६७. अति विपन्न व्यक्ति उपचार सहायताका लागि नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा निःशुल्क एम्बुलेन्स सेवा तथा मापदण्ड बमोजिम थप उपचार सहायताको व्यवस्था गरिनेछ ।

६८. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण संवेदनशील, पोषण विशेष र पोषण सुधारका लागि विपन्न समुदायका महिला समूह तथा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार गर्न अनुदान जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ। नेपाल सरकारको विशेष अनुदानमा नमूना पोषण टोलका लागि सघन पोषण कार्यक्रम, नमूना पोषण टोल समिति गठन, उत्पादन प्रवर्द्धन, पोषण आत्मनिर्भरताका लागि **घरघरमा करेसाबारी निर्माण** अनुदान, **हरेक घर दश फलफूल विरुवा रोपन कार्यक्रम** सञ्चालन गरी पोषणमा उल्लेख्य सुधार ल्याइनेछ ।

६९. बालबालिकाहरुको पोषणको अवस्था पहिचान गर्न घरदैलो वृद्दी अनुगमन अभियान जस्ता कार्यक्रम संचालन गरी गाउँपालिकाभित्र पोषणको अवस्थालाई सुधार गर्न बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप विस्तार गर्दै लगिनेछ।

७०. नेपाल सरकारको विशेष अनुदानमा पोषणमैत्री स्थानीय तह तथा स्वास्थ्य प्रवर्धन कार्यक्रम अन्तर्गत पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ बमोजिमका सूचकहरुमा आधारित कार्यक्रम सञ्चालन गरी आगामी आर्थिक वर्षमा कम्तिमा १ वडालाई पोषणमैत्री नमूना वडा घोषणा गरी पोषणमैत्री स्थानीय तह घोषणाको आधार तयार गरिनेछ।

७१. किशोर किशोरीहरुको प्रजनन् स्वास्थ्य सेवा, सूचनामा पहुँच अभिवृद्धि गर्न सबै स्वास्थ्य संस्थाहरुमा किशोर किशोरीमैत्री स्वास्थ्य सेवा तथा विद्यालयहरुमा सूचना केन्द्र स्थापनालाई निरन्तरता र प्राथमिकता दिइनेछ। विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा निःशुल्क स्यानिटरी प्याडको उपलब्धता र फोहर व्यवस्थापनको सुनिश्चितता गरिनेछ ।

७२. प्रकोपजन्य महामारी रोकथाम तथा नियन्त्रणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक सेवा सुनिश्चितताका लागि स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि

गरिनेछ। आकस्मिक प्रकोप, महामारी तथा विपदमा उद्वार कार्यको लागि स्थानीय द्रुत प्रतिकार्य समिति र द्रुत प्रतिकार्य टिम (RRT), सामुदायिक द्रुत प्रतिकार्य(CRRT) टिमलाई परिचालन गरिनेछ। स्थानीय आपतकालिन सञ्चालन केन्द्र (LEOC) को सुदृढीकरण गरिनेछ ।विपद् जोखिम न्यूनिकरण तथा प्रतिकार्यमा स्वयंसेवी यूवा परिचालन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

७३. गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी योजना (वास योजना) बमोजिम **मुहानदेखि मुखसम्म सुरक्षित खानेपानी**को सुनिश्चतताका लागि खानेपानी शुद्वता परीक्षण इकाईमार्फत हरेक ६/६ महिनामा मुहान, ट्याङ्की तथा धाराको पानी शुद्धता जाँच कार्यलाइ निरन्तरता दिइनेछ ।

७४. वास योजनाको प्राथमिकीकरण बमोजिम तहगत सरकार तथा साझेदार संस्थाहरुसँगको सहकार्यमा एक घर एक धारा तथा सार्वजनिक शौचालय निर्माण कार्य अगाडि बढाइनेछ। स्वास्थ्य संस्था तथा विद्यालयहरुमा तीन तारे अवधारणामा खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७५. भकारो सुधार, सुधारिएको चुल्हो, एक घर दश फलफूल विरुवा, एक घर एक शौचालय, भान्छा सरसफाई कार्यक्रमलाई निरन्तरता दिई आगामी वर्षभित्रै **पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा** गरिनेछ।

७६. टोल विकास संस्थामार्फत कुहिने र नकुहिने फोहर वर्गीकरण गरी टोलस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालनका साथै, फोहरको पुन प्रयोग तथा आफूले गरेको फोहरको व्यवस्थापन आफै गर्नुपर्ने अन्यथा व्यवस्थापनका लाथि थप शुल्क व्यहोर्नुपर्ने नीति अवलम्बन गरिनेछ।

७७. गाउँपालिकाको सुरक्षित खानेपानी तथा स्वचछता सम्बन्धी योजनाहरुमा तहगत सरकार तथा खानेपानीको क्षेत्रमा काम गर्ने गैरसरकारी संघ सस्थाहरु संग सहकार्य र साझेदारी गर्ने नीति अपनाईने छ।चालु आर्थिक वर्ष सम्म भूमे गाउँपालिकाको सुरक्षित खानेपानी क्षेत्रमा उल्लेख्य प्रगति भएको छ। घना वस्तीहरु सिमा, झुम्लाबाङ, खाबाङ, लाबाङ, धर्मशाला, गोठबाङ, सेराबाङ, मछैना, जस्ता वस्तीहरुमा एक घर एक धाराको कार्य सम्पन्न भई नागरिकले सुरक्षित खानेपानीको उपभोग गरिरहेका छन, भने अन्य वस्ती र टोलहरुमा निर्माणाधिन आयोजनाहरु चालु आर्थिक वर्षको अन्तिम सम्म र आगामी आर्थिक वर्षमा सम्पन्न हुने गरी कार्य कार्य

सञ्चालन गरिनेछ। स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहरमैला तथा ढल निकास व्यवस्थापनमा विशेष ध्यान दिईनेछ। घना वस्तीहरुमा ढल व्यवस्थापन सम्बन्धी आयोजनाहरु सञ्चालन गरिनेछ।

७८. मौलिक तथा लोपोन्मुख कला संस्कृतिको संरक्षण, प्रवर्धन र पुस्तान्तरणको लागि **भूमे सांस्कृतिक महोत्सव तथा प्रतियोगितात्मक कार्यक्रम,** अध्ययन अनुसन्धान तथा अभिलेखिकरण कार्यलाई सरोकारवाला निकायसंग सहकार्य र साझेदारी गरी अगाडि बढाईनेछ। भूमे गाउँपालिकाका विभिन्न वडामा परम्परागत रुपमा चलिआएका सस्कृति संरक्षण तथा सम्वर्द्धन गरी सास्कृतिक अनुभव आदान प्रदान गर्न, लोपन्मुख सस्कृतिको जगेर्ना गर्न **सास्कृतिक अन्तरक्रिया** कार्यक्रम सञ्चालन गरिनेछ ।

७९. भाषा, कला संस्कृतिको जगेर्ना तथा संरक्षण सम्बन्धी तालिम, लोक बाजा तथा सामग्री खरिद, सांस्कृतिक पूर्वाधार निर्माणमा साझेदारीमार्फत विकास गर्ने नीति अवलम्बन गरिनेछ। लोपोन्मुख भाषा संस्कृतिको संरक्षण र विकास गर्ने, लागत साझेदारी स्थानीय विकास निर्माण कार्यमा जनसहभागिता परिचालन गरि उत्कृष्ट थालनी गर्ने गाउँ टोललाई प्रोत्साहन गरी **उत्कृष्ट गाउँ/समुदायलाई पुरस्कृत** गर्ने नीति लिइनेछ ।

८०. महतमा सहिदहरुको सामुहिक चिहान भएको स्थानमा विकास साझेदार संस्थाहरुको सहकार्यमा सहिदहरुको स्मृती स्वरुप स्तम्भ तथा अन्य संरचना निर्माण गरिनेछ।

८१. नेपालको संविधानले व्यवस्था गरेको लक्षित वर्गको हकहितको सुनिश्चित गर्दै लैंङ्गिक समता र समानता, सशक्तिकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीतिलाई कार्यान्वयन गर्न रणनिति तयार गरिनेछ।

८२. नीति, निर्णय र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चितताका लागि बजेट तथा योजना तर्जुमामा प्रतिशत निर्धारण गरेर अनिवार्य लक्षित वर्ग योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था गरी त्यस्ता कार्यक्रम कार्यान्वयन गर्दा लक्षित वर्ग अधिकत्तम प्रत्यक्ष लाभान्वित हुने गरी कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

८३. सामाजिक समावेशीकरण तथा लैङ्गिक हिंसा न्यूनिकरण सम्बन्धी नीति तर्जुमा र लैङ्गिक हिंसा तथा लिङ्गको आधारमा गरिने भेदभावलाई शून्यमा झार्ने नीति अङ्गिकार गर्दै महिला,

बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क व्यवस्थापन गरी लक्षित व्यक्तिको आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।

८४. लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा **सामाजिक समावेशीकरण डेस्क**लाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

८५. बालबालिकाको हकहित संरक्षणका साथै शारीरिक, मानसिक तथा संवेगात्मक लगायत हरेक क्षेत्रमा क्षमता विकासका लागि हरेक चरणमा अर्थपूर्ण सहभागिताको सुनिश्चित गरिने छ। बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७८ तथा राष्ट्रिय रणनीति कार्यान्वयन गर्दै गाउँपालिकालाई बालश्रममुक्त पालिका घोषणा गरिनेछ ।

८६. समाजमा रहेका बालश्रम, बालबिवाह, बहुविवाह, दाइजो, बोक्सी जस्ता हानिकारक अभ्यास र लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार, लागु पदार्थ दुर्व्यसनी विरुद्ध तथा आत्महत्या न्यूनिकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम तथा अभियानलाई निरन्तर सञ्चालन गरिनेछ।

८७. वडास्तरसम्म ज्येष्ठ नागरिक मञ्च, अपाङ्गता सञ्जाल, बाल सञ्जाल, महिला सञ्जाल, दलित सञ्जाल, उपेक्षित उत्पीडित वर्ग उत्थान सञ्जाल गठन गरी उनीहरुको व्यक्तित्व विकास, नेतृत्व विकास र क्षमता विकास जस्ता कार्यक्रमहरु ल्याइनेछ।

८८. गरिबीको गहनता, विषमता अध्ययन र विश्लेषण गरी आवश्यक कदम चाल्न सम्बन्धित विषयगत निकायसँगको परामर्शमा आवश्यक कार्ययोजना बनाई लागू गरिनेछ।

८९. सेवा प्रवाहका क्रममा अतिविपन्न, अशक्त, ज्येष्ठ नागरिकहरुलाई प्रमाणपत्रका आधारमा सेवा शुल्क वापतको कुनै पनि रकम नलिने विगतको नीतिलाई निरन्तरता दिँदै **एकल महिला र अपाङ्गता भएका व्यक्तिहरुलाई फर्म तथा व्यवसाय दर्ता शुल्क पूर्ण छूट** दिने नीतिलाई निरन्तरता दिइनेछ।

९०. सामाजिक रुपमा बहिष्करण र बञ्चितिकरणमा परेका व्यक्तिहरुलाई मापदण्ड बमोजिम सामाजिक संरक्षण तथा सुरक्षाको कार्यक्रम ल्याइनेछ।

९१. उत्पीडित, उपेक्षित दलित समुदायको सशक्तिकरण र क्षमता विकासको लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा प्रवर्धनात्मक कार्यक्रममा जोड दिइनेछ। सार्वजनिक निकायमा पहुँच अभिवृद्धि गर्न **निःशुल्क लोक सेवा आयोग, शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन** जस्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ।

९२. लक्षित वर्ग केन्द्रित बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि संरक्षणात्मक तथा प्रवर्धनात्मक कार्यक्रमको मापदण्ड र विधि तय गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

**गाउँसभा सदस्यहरु:**

९३. यूवा विकास केन्द्रको पदाधिकारी चयन गर्ने काम बाकिँ नै रहेको छ। यूवा विकास खेलकुद जस्ता विषयप्रति आकर्षित ईच्छुक र प्रतिभावान उर्जाशिल र सशक्त यूवाहरुले यूवा विकास केन्द्रको नेतृत्व गर्ने वातावरण सृजना गरी यूवा तथा खेलकुद लक्षित कार्यक्रमहरु यूवाहरुलाई नै हस्तातरण गर्ने नीति ल्याईने छ। यूवाहरुको ज्ञान, सीप र क्षमतालाई सदुपयोग गर्ने खालका योजना तथा कार्यक्रमहरु मार्फत गाउँपालिकाको नीति तथा योजना तर्जुमा, विकास गतिविधि, ज्ञान सीप आदान प्रदान तथा हस्तान्तरणमा स्वयंसेवी यूवा शक्तिलाई अधिकतम परिचालन गरिनेछ।

९४. खेल तथा खेलकुद विकास, खेलाडीहरुको विकास र यूवाहरुको खेलप्रतिको रुचिलाई बृद्धि गर्ने उचित वातावरण सृजना गर्नको लागि गाउँ गाउँमा खेलकुद पूर्वधार निर्माण कार्यहरु भई रहेका छन् , यसलाई अझ विस्तार र व्यवस्थित गरी यूवा तथा खेलकूद विकासलाई प्रवर्द्धन गरिने छ। खेलकुद क्षेत्र र खेलाडीहरुलाई व्यवसायिक बन्न उत्प्रेरित गरिने छ।

९५. वडास्तरीय खेलकूद प्रतियोगिताहरु यथासम्भव थोरै तर गुणस्तरीय गर्ने वडाहरुले संरक्षण र नियमन गर्ने र संयुक्त रुपमा गाउँपालिकास्तरीय खेलकूद प्रतियोगिता, अन्तरपालिका स्तरीय, तथा जिल्लास्तरीय मैत्रीपूर्ण खेलहरुको आयोजना गरी क्षमतावान तथा प्रतिभावान खेलाडीहरुको पहिचान गरी प्रदेशस्तरीय तथा राष्ट्रिय खेल प्रतियोगिताहरुमा सहभागी हुने अवसर दिलाउने नीति अङ्गीकार गरिनेछ । **खेलकूद क्यालेण्डर तयार गरी खेल पर्यटन तथा खेल अर्थतन्त्र** प्रर्वर्द्धनमा जोड दिइनेछ ।

९६. नियमित रुपमा सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा स्थानीय साझेदारी गरी प्रभावकारी सञ्चालन तथा व्यवस्थापनद्वारा बालबालिकाको शारीरिक तथा संवेगात्मक विकासमा जोड दिइनेछ।

९७. विद्यालय खेल प्रशिक्षक, खेलकूद तथा रेफ्रि तालिम, भूमे कप, गुरिल्ला म्याराथन जस्ता खेलकूद कार्यक्रम मार्फत प्रतिभावान र मेधावी खेलाडी पहिचान, अभिलेखीकरण, क्षमता विकास तथा प्रोत्साहन गरिनेछ। गुरिल्ला म्याराथुनलाई अन्तर जिल्ला तथा अन्तर पालिका स्तरीय मोडालिटीमा सञ्चालन गर्न थबाङ गाउँपालिका रोल्पा सँग साझेदारी तथा सहकार्य गरी अन्तराष्ट्रिय धावकहरु समेतको सहभागितामा अनुभव आदान प्रदान हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

९८. गाउँपालिकाले प्रथम गाउँपालिका स्तरीय यूवा सम्मेलन गरी भूमे गाउँपालिका स्तरीय यूवा क्लब सन्जाल गठन गरेको छ।यूवा क्लब सञ्जालको माध्ययमबाट गाउँपालिकाको समग्र विकास र समृद्धीको अभियानमा समाजका जागरुक विकास प्रेमी यूवाहरुलाई संलग्न हुने गरी विकासमा नेतृत्वकारी भूमिका खेल्ने, विकासमा अपन्त्व लिने प्रकृतिका कार्यक्रमहरु सञ्चालन गरिने छ।

**गाउँसभा सदस्यहरु,**

९९. भूमे गाउँपालिकाको गुरुयोजना र आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउने गरी भौतिक तथा आर्थिक पूर्वाधार निर्माणमा साझेदारी सम्बन्धी नीति ल्याइनेछ। वडा नं १को वडा कार्यालय भवन निर्माणकार्य सम्पन्नताको अन्तिम चरणमा पुगेको छ । र वडा नं. ७ को वडा कार्यालय भवन द्रुत गतिमा निर्माणकार्य भइरहेको छ ।साथै, गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्यको सम्झौता भई अगाडी बढेको छ।आगामी २ वर्ष भित्र गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न गरिनेछ।

१००.गाउँपालिकाको आर्थिक सर्वेक्षण गरी पालिकाबासीको जीवनस्तर उकास्ने र गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्ने खालका आयोजनाहरु पहिचान गरी क्रमशः कार्यान्वयनमा प्राथमिकता दिइनेछ ।

१०१. सडक यातायात गुरुयोजना बमोजिम सडक पहुँच नपुगेका मुख्य वस्तीहरुमा ग्रामिण सडक सञ्जालले जोड्ने कार्य नियमित रुपमा भइरहेको छ। आगामी आर्थिक वर्षमा सडकलाई विस्तार गर्ने निर्मित सडकहरुको स्तरोन्नति तथा **सुरक्षित सडक यातायात** अवधारणा कार्यान्वयन गरिनेछ।

१०२. गाउँपालिकास्तरीय रिङ रोड अनर्गत झुम्लाबाङ-क्याङ्सी-गाबाङ-त्रिवेणी-सडक र कुचिबाङ-सिमखोला-लाबाङ-सडक खण्डमा सडक निर्माणकार्य सम्पन्न गरिनेछ। सडक पहुँच नपुगेका वस्तीहरुलाई लिङ्क रोड, सहायक रोडको अवधारणामा सडक सञ्जाल निर्माण गर्ने कार्य जारी रहनेछ। निर्माण सम्पन्न भएका सडकहरुमा बायोइन्जिनियरिङको अवधारणामा अन्तर्गत हरित करिडोर, फ्रुट करिडोर तथा फ्लावर करिडोर योजना बमोजिम सडक वरपर वृक्षारोपन कार्यक्रममा जोड दिइनेछ ।

१०३. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फ गाउँपालिकाभरी झोलुङ्गे पुल र ट्रस पुलहरु निर्माण सम्पन्न गर्ने र नयाँ स्थानहरुमा झोलुङ्गेपुल निर्माण कार्य अगाडी बढाउन प्रभावकारी पहल गरिनेछ।

१०४. नेपाल सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा सडक पुल तथा कल्भर्ट निर्माण कार्यलाई प्राथमिकता दिइनेछ। **सडक पूर्वाधार एम्बुलेन्स** सञ्चालन गरी वर्षाको समयमा मुख्य सडक अवरुद्ध हुने अवस्थाको निराकरण गरिनेछ ।

१०५. नेपाल सरकार, प्रदेश सरकार तथा साझेदार निकायहरुसँगको समन्वयमा सुरक्षित सडक अवधारणामा आधारित भएर सडक स्तरोन्नति, सडक सुरक्षा पूर्वाधार निर्माण, **सडक मर्मत सम्भारकर्ता परिचालन**, सवारी सचेतना, तीन पाङ्ग्रे सवारी मापदण्ड, **आधारभूत आकस्मिक ट्रमा सेवा सञ्चालन** सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१०६. पूर्वाधार विकास क्षेत्रमा भवन पूर्वाधारको काम मुख्य भएर आएको छ। भूमेली समुदाय पनि विस्तारै कङ्क्रिट भवन निर्माण र सहरीकरणको लय समात्न थालेको छ। ठिक यहीनेर हाम्रा पूर्वजहरुको परम्परागत कला, सँस्कृति र मौलिकतामा आधारित संरचनाहरुको संरक्षण गर्न अपरिहार्यता देखिएको छ। हाम्रो कला सँस्कृती र मौलिकता झल्काउने किसिमको भवनको डिजाइन, आवास, होटल, सामुदायिक भवन र सरकारी संरचनाहरुको डिजाइन गरी भुकम्प प्रतिरोधी संरचना सहितको नमूना नागरिकहरुलाई उपलब्ध गराइनेछ। साथै, शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानीय परिवेशका आधारमा तर्जुमा गरी भवन निर्माण नक्सा

पूर्वस्वीकृति कडाइका साथ कार्यान्वयन गरिनेछ। सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण बस्तीलाई व्यवस्थित बसोबासयुक्त **मौलिक नमूना वस्ती संरक्षण तथा निर्माण**मा जोड दिइनेछ ।

१०७. घरबारबिहिन, अति विपन्न व्यक्तिहरुलाई विपन्न आवास निर्माण सहयोग कार्यक्रममार्फत सुरक्षित घरको छानामूनि ल्याइनेछ। असाहय वालवालिका,वेसहारा नागरिक र जेष्ठ नागरिकहरुलाई सहरा र संरक्षण गर्ने नीति ल्याइनेछ ।

१०८. सघन घना वस्तीहरुमा सडक, ढल निकास, सार्वजनिक शौचालय, फोहर व्यवस्थापन, खानेपानी, विद्युत जस्ता पूर्वाधारहरु एकीकृत रुपमा निर्माण कार्यलाई जोड दिइनेछ।

१०९. नेपाल सरकार विद्युत प्राधिकरणले चालु २ वर्षभित्र विधुतको पहुँच नपुगेका ९ वटै वडाका सबै घरधुरीमा केन्द्रिय प्रसारण लाईन विस्तारको आयोजना सञ्चालन गरिरहेको छ। निर्माण कार्यको लागि प्रभावकारी पहल गरिनेछ। राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रममार्फत निर्मित तथा निर्माणाधीन लघु तथा साना जलविद्युत आयोजनाहरुलाई मर्मत सम्भार र व्यवस्थित गर्नुका साथै ऊर्जाको पहुँच नपुगेको घरधुरीमा वैकल्पिक ऊर्जा विस्तार गरिनेछ।

११०. नेपाल सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थाहरुसँगको सहकार्यमा गाउँपालिकाभित्र सिंचाईका सम्भावना भएका क्षेत्रहरु पहिचान गरी पोखरी सिंचाई, स्प्रिङ्कल सिंचाई, ठूला सिंचाई आयोजना मार्फत सिंचाई सुविधा बढाई उत्पादन बृद्धिमा जोड दिइनेछ।

१११. तहगत समन्वय, सहकार्य र साझेदारीमार्फत सूचना तथा सञ्चारको सहज पहुँच स्थापना गरिनेछ। भरपर्दो सञ्चार सुविधा सुनिश्चताका लागि आवश्यक पहल गरिनेछ।

११२. सामुदायिक सिकाई केन्द्रहरुलाई प्रविधिमा आधारित बनाई सिकाईमा सूचना तथा सञ्चार प्रविधिको उपयोग र अवसर विस्तार गरिनेछ ।

११३. डिजिटल गाउँपालिका निर्माण कार्ययोजना तर्जुमा गरी साझेदार निकायहरुसँगको सहकार्यमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार निर्माण तथा पहुँच विस्तारका साथै डिजिटल लाइब्रेरी

स्थापना, अध्ययन अनुसन्धान, सोसल मिडिया साक्षरता र डिजिटल साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

११४. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पूर्वाधारहरुको अभिलेखीकरण गरी व्यवस्थित निर्माण तथा संरक्षण र सदुपयोगका लागि गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ।

११५. सम्पदा पूर्वाधारको संरक्षण तथा निर्माणमा अन्तरआवद्धता हुने गरी मापदण्ड तथा प्रारुप तयार गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

**गाउँसभा सदस्यहरु,**

११६. भूमे गाउँपालिका र प्रधानमन्त्री रोजगार कार्यक्रमको साझेदारीमा पुष्पलाल मध्यपहाडी लोकमार्ग अन्तर्गत भूमे गाउँपालिकाको क्षेत्रभित्र पर्ने भूमे गाउँपालिका वडा नं. ४ को धौलापहिरादेखि वडा नं. १ को पञ्चासे सम्मको सडक किनारामा सुरक्षाको लागि वृक्षारोपन गरी हरित करिडोर कार्यक्रम सञ्चालन गरिनेछ।साथै, भूमे गाउँपालिका भित्र पर्ने मुख्य सडकहरु, सहायक सडक र ग्रामिण सडकहको नियमित सरसफाई तथा नाली व्यवस्थापन कार्यलाई प्रधामन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरी सञ्चालन गरिनेछ।

११७. नेपाल सरकार, प्रदेश सरकार तथा सम्बन्धित निकायसँगको समन्वय र सहकार्यमा निजी वन व्यवस्थापन, कबुलियती वन प्रवर्धन, वनजङ्गल संरक्षण, बाँझो जग्गामा वृक्षारोपण जस्ता कार्यक्रममा जोड दिइनेछ । वातावरण दिवसको अवसरमा सबैभन्दा बढी वृक्षारोपण गर्ने र सबैभन्दा बढी विरुवा संरक्षण गर्ने व्यक्तिलाई **असल वातावरण प्रेमीको** रुपमा पुरस्कृत गरिनेछ ।

११८. भूमे गाउँपालिका वडा नं.३, को झुम्लाबाङमा नेपाल सरकार खानी तथा भूगर्व विभागले फलाम खानीको गुणस्तर, परिमाण, संभाव्यता र वातावरणीय प्रभाव मूल्याङ्कनका लागि प्रक्रिया अगाडी बढाएको छ । स्थानीय सरकारले खानी तथा खनिज जन्य प्राकृतिक श्रोतको संरक्षण गर्ने काम, कर्तव्य र अधिकार क्षेत्रको प्रयोग गर्दै खानी क्षेत्रको समुदाय, गाउँपालिका र देशलाई नै दिने प्रतिफलको विश्लेषण गरेर मात्र अगाडी बढाउने अवधारणा लिइनेछ।यसको लागि खानी उत्खनन भएका क्षेत्रहरुमा पुगि भ्रमण अवलोकन तथा प्रभावित समुदायसँग अन्तर्क्रिया समेतको अनुभव लिई झुम्लाबाङ फलामखानीको बारेमा धारणा-पत्र तयार गरिनेछ।

११९. वनक्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापनका लागि सामुदायिक वन विकास कार्यक्रम, निजी वन विकास कार्यक्रम, वृक्षारोपण, वन संरक्षण, जडीवुटीजन्य विरुवा संरक्षण, अन्य वोटविरुवाको सुरक्षा तथा रोपन कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्दै वातावरणमैत्री गाउँघरको विकास गर्दै वातावरणमैत्री स्थानीय शासनको कार्यान्वयन गरिनेछ। डिभिजन वन कार्यालयसँगको समन्वयमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रममार्फत गाउँपालिका भित्रका सामुदायिक वनमा रहेका काठ र कुकाठलाई व्यवस्थापन गर्न पहल गरिनेछ ।

१२०. जलवायुमैत्री तथा वातावरणमैत्री पूर्वाधारमा जोड दिएर जैविक विविधताको संरक्षण, संवर्द्धन तथा जलवायु अनुकूलन मार्फत पर्यापर्यटनको प्रवर्द्धनमा जोड दिइनेछ ।

१२१. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई परिस्कृत गर्दै जलवायु परिवर्तनबाट उत्पन्न प्रकोप, विपद्, जोखिम न्यूनिककरण सम्बन्धी कार्यक्रम सञ्चालन गरी प्रकोपजन्य परिस्थितिमा खोज, उद्दार, राहत कार्यलाई योजनाबद्ध रुपमा व्यवस्थित गर्न स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र, द्रुत प्रतिकार्य टोलीलाई समुदाय स्तरमा परिचालन गरिनेछ।

१२२. प्रकृतिक प्रकोप बाढी, पहिरोजन्य विपदका सम्भावित क्षेत्रहरुको पहिचान गर्ने, सूची तयार गर्ने, सम्भावित जोखिमबाट जोगिन तयारी अवस्थामा रहने, बाढी पहिरोबाट उत्पन्न हुने जोखिमयुक्त ठाउँहरुमा तटबन्धनको कार्यक्रम सञ्चालन गर्ने, पहिरो जाने सम्भावित स्थानहरुमा वृक्षरोपन गर्ने, आगलागी र डढेलोजस्ता मानव सृजित प्रकोपहरुबारे सर्तक रहने, नियन्त्रणको लागि तयारी रहने जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२३. नागरिकको नजिकमा सरकारको अनुभूति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवालाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन **नागरिक व्यैयक्तिक विवरण अभिलेखीकरण** गरी **स्मार्ट वडा कार्यालय** अवधारणा कार्यान्वयन गरिनेछ।

१२४. उपलब्ध जनशक्तिलाई उच्च मनोबलका साथ आफ्नो योग्यता र क्षमता भरपूर सदुपयोग गर्ने र क्षमता विकास गर्ने वातावरण मिलाइनेछ। रिक्त दरबन्दी पदपूर्तिमा शीघ्र पहल र समावेशी गराउने नीति अङ्गिकार गरिनेछ।

१२५. अन्य स्थानीय तह तथा संघसंस्थाहरुले गरेका राम्रा अभ्यासबाट ज्ञान आर्जन हुने खालका अध्ययन, अवलोकन भ्रमण कार्यक्रमहरु ल्याइनेछ। विनियोजन कुशलता र खर्च गर्ने क्षमता अभिवृद्धिमा जोड दिइनेछ। सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ।भ्रष्टाचारविरुद्द शुन्य सहनशिलताको नितीलाई अक्षरस कार्यान्वयन गरिनेछ।

१२६. गुणस्तरीय सेवा प्रवाहका लागि सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेसागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ। कार्यालय र जनशक्तिलाई साधन र स्रोतले सुसज्जित गराई गुणस्तरीय सेवा प्रवाहमा जोड दिइने छ।

१२७. स्थानीय पञ्जिकाधिकारीको कार्यालयलाई साधन स्रोत सम्पन्न बनाई वडास्तरबाट घटना दर्ता अभियानमार्फत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई सहज र प्रभावकारी बनाइनेछ ।

१२८. सूचनाको हकलाई प्रवर्द्धन गर्न सूचना अधिकारीको क्षमता विकास, वडा तहसम्म गुनासो सुनुवाई संयन्त्र, नियमित स्वतः प्रकाशन जस्ता कार्यक्रमहरुलाई प्रभावकारी बनाइनेछ ।

१२९. स्वतः प्रकाशन, मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परीक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि र पद्धति बमोजिम कार्यान्वयनमा ल्याईनेछ।

१३०. भूमे साप्ताहिक र मासिक बुलेटिनमार्फत सार्वजनिक सेवा प्रवाह र गाउँपालिकाको गतिविधि बारे आम नागरिकलाई सुसूचित गर्दै स्वतन्त्र सञ्चार क्षेत्रको रुपमा विकास गर्न समेत जोड दिइनेछ।

१३१. अपाङ्गता भएका व्यक्तिहरुको समस्या पहिचान गर्ने, हक र अधिकारको संरक्षण गर्ने, फरक क्षमता भएकाहरुको सशक्तिकरण, विभेद र अवहेलना न्यूनिकरण, सामाजिक न्याय, आयआर्जन र सीप विकासमा उत्प्रेरित गर्ने लक्ष्यका साथ **अपाङ्गमैत्री गाउँपालिका हाम्रो सरोकार:** रेडियो कार्यक्रम सञ्चालन गरिनेछ।

१३२. गाउँपालिकाको समग्र विकास र समृद्धिको गतिविधिहरु नागरिकहरुलाई सुसूचित गर्ने, नागरिक सरोकारका विषयहरुप्रति सञ्चार माध्ययमबाट अन्तर संवाद गर्ने, गाउँपालिकाको हित र

भविष्यप्रति साझा बुझाई र दृष्टिकोण निर्माणको वातावरण तयार गर्ने, भूमेली नागरिकहरु, डायस्पोरामा रहेका भूमे गाउँपालिका प्रति चासो राख्ने व्यक्तित्वहरुलाई सिङ्गो गाउँपालिकाको विकास निर्माणको मूल प्रवाहमा समाहित गर्न **नागरिक सँग भूमे गाउँपालिका** रेडियो कार्यक्रम सञ्चालन गरिनेछ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई सम्बोधन गर्न, लैङ्गिक हिंसा सम्बन्धी मुद्धाहरुलाई पैरवी गर्दै महिला सशक्तिकरणका गतिविधिलाई अगाडी बढाउन **रेडियो महिला आवाज** कार्यक्रम सञ्चालन गरिनेछ।

१३३. सूचना तथा अभिलेख केन्द्रलाई सुदृढीकरण गरी विज्ञान-प्रविधि, अध्ययन, अनुसन्धान तथा विकास, सीप तथा सीपमूलक तालिमको नियमन, डिजिटल साक्षरताका साथै मिडिया साक्षरता कार्यक्रम तथा डिजिटल अभिलेखीकरण कार्यक्रममार्फत विद्युतीय सरकारको अवधारणामा टेवा पुऱ्याइनेछ।

१३४. गाउँपालिकाका सबै प्रकारका आधारभूत सूचनाहरु सूचना तथा अभिलेख केन्द्रमा उपलब्ध हुने र सामग्रीहरु सूचना केन्द्रमा अध्ययन गर्न सकिने व्यवस्था मिलाइनेछ।

१३५. अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउदै महत्वपूर्ण तथ्याङ्कको भण्डारणका लागि स्थापित सर्भरमा डिजिटल कन्टेन्ट सुरक्षित गरी राखिनेछ। गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवा प्रवाहको पूर्वाधार तयार गरी डिजिटल गाउँपालिकामा रुपान्तरण योजना अगाडि बढाइनेछ।

१३६. पहिचान भएका राजश्वका श्रोत, दायरा र दर अनुसार राजश्व प्राप्त गर्न प्रभावकारी व्यवस्था गरिनेछ। राजश्व र कर प्रशासन सम्बन्धी नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरी लक्ष्य अनुसार वा सोभन्दा बढी राजश्व संकलन गर्ने वडा तथा कार्यालयलाई बजेट विनियोजनमा सूचकको रुपमा राखी बजेट विनियोजन गर्ने नीति लिइनेछ । घर बहाल कर संकलन कार्य लाई कडाईका साथ कार्यान्वयन गरिनेछ।

१३७. गाउँपालिकाको आत्मनिर्भरता उन्मुखका लागि साझेदारी लगानी र राजश्व तथा कर प्रशासनलाई समेत प्रमुख आधारको रुपमा लिइनेछ। सबै पेसा व्यवसायलाई करको दायरामा समेटिनेछ।

१३८. वार्षिक नीति तथा कार्यक्रमअनुसार न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकास तालिम सम्पन्न भएको छ, आगामी दिनमा प्रत्येक वडाहरुमा मेलमिलापकर्ताहरुको छनौट गरी

न्यायिक निरुपण र मेलमिलाप सम्बन्धी क्षमता विकासको तालिम दिने, न्यायिक समिति तथा मेलमिलाप केन्द्रमा परेका उजुरीहरु न्यायसंगत ढङ्गले मेलमिलाप कायमगरी फछ्यौट गर्ने जस्ता संस्थागत क्षमता बृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

१३९. वित्तीय सुशासन जोखिम न्यूनीकरण योजना बनाई वित्तीय व्यवस्थापनमा प्रकियागत जोखिम, नतिजाको जोखिम र वित्तीय अनुशासन जोखिम न्यूनीकरण गरिनेछ । बेरुजू न्यूनिकरण र फछ्यौंटलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ।

१४०. वित्तीय सुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुत र आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाइनेछ।वार्षिक खरिद योजना तथा खरिद गुरुयोजना बमोजिम सार्वजनिक खरिद प्रणालीलाई चुस्त दुरुस्त र सुशासनयुक्त बनाईनेछ ।

१४१. गाउँपालिका क्षेत्रभित्र उपभोक्ता समिति वा लाभग्राही समुदायमार्फत संचालन हुने संघ र प्रदेशका सार्वजनिक निर्माणका कार्यहरुमा एकरुपता कायम गर्न भूमे गाउँपालिकाको लाभग्राही समुदायद्वारा सार्वजनिक निर्माण गराउने सम्बन्धी कार्यविधि, २०७९ बमोजिम गाउँपालिकामा दर्ता भएका उपभोक्ता समितिहरुबाट मात्र निर्माण कार्य गराउने कार्यलाई अनिवार्य गरिनेछ।

**गाउँसभा सदस्यहरु,**

१४२. अनुमानयोग्य र प्रभावकारी योजनाका लागि पूर्वाधार विकास गुरुयोजना, वस्ती विकास योजना, विस्तृत अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदनलाई अनिवार्य गरी परियोजना बैंक मार्फत क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

१४३. वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा समावेशी तथा सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई अनिवार्य गरी मध्यमकालीन खर्च संरचनामा आधारित बनाइनेछ ।

१४४. गाउँपालिकाभित्र भएका विकास निर्माण तथा अन्य कार्यक्रमको गुणस्तर र नियमितता सम्बन्धमा गाउँपालिकास्तरीय अनुगमन समितिले अनुगमनको तालिका बनाई गाउँपालिकाको वेवसाइट, गाउँपालिकाको सूचना पाटी मार्फत अनुगमन हुने योजना र सरोकारवालाहरुलाई सार्वजनिक सूचना दिइ अनुगमन गररिनेछ।अनुगमन गर्दा निर्माण कार्य पूर्वको अवस्था, निर्माण कार्य चलिराखेको अवस्था र कार्य सम्पन्न हुने अवस्थाको प्रकृति र गुणस्तर अनुगमन गरिनेछ।वडास्तरीय अनुगमन समितिको नियमित अनुमगन र प्रतिवेदनलाई अनिवार्य

गरिनेछ।संघीय र प्रदेशस्तरीय आयोजनाहरुको समेत नियमित अनुगमन गरी सोबाट प्राप्त हुने परिणामलाई विश्लेषण गरी सम्बन्धित निकायहरुलाई पृष्ठपोषण गर्ने परिपाटीको थालनी गरिनेछ।

१४५. अनुगमन तथा सुपरीवेक्षण कार्यलाई कार्ययोजना र सूचकमा आधारित बनाई सरोकारवालाको समेत प्रतिक्रिया समेट्नुका साथै ठूला आयोजना तथा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्ने नीति अङ्गिकार गरिनेछ ।

१४६. उपभोक्ता हित संरक्षणलाई सुनिश्चित गर्न जिल्लास्थित सरकारी कार्यालय, सरोकारवाला निकाय तथा उद्योग वाणिज्य संघसँगको सहकार्यमा पालिकाव्यापी छड्के तथा एकीकृत बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

१४७. जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउनुका साथै संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि प्रोत्साहन, प्रवर्द्धन र पुरस्कारका साथै तालिमको पनि व्यवस्था गरिनेछ ।

१४८. कुनै पनि सरकारी, गैरसरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिकाभित्र आयोजना, कार्यक्रम सञ्चालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना वा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ।

१४९. सरकारी तथा गैरसरकारी निकायका बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा कार्यक्रमसँग दोहोरिन नदिन वार्षिक विकास कार्यक्रममा आवद्ध हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

१५०. आर्थिक वर्ष २०८१/०८२ को यस नीति तथा कार्यक्रमले भूमे गाउँपालिकालाई समुन्नत नमूना गाउँपालिका निर्माणको लागि पोषणमैत्री गाउँपालिका, युवामैत्री गाउँपालिका, वालमैत्री गाउँपालिका, अपाङ्गमैत्री गाउँपालिका, लैङ्गिक तथा जातीय विभेदमुक्त गाउँपालिकाको साथै, **सफा र हरियाली: समृद्ध भूमे** को आकाङ्क्षालाई आत्मसात् गरेको छ। यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट स्थानीय उत्पादकत्व बृद्धि, जीवनस्तरमा सुधार, सामाजिक संरक्षण तथा सुरक्षा र गुणस्तरीय सेवा सहजै प्राप्त गर्न सहयोग गर्नेछ ।

१५१. नेपालको संविधान, नेपाल सरकार, प्रदेश सरकार तथा भूमे गाउँपालिकाले अघि सारेका दीर्घकालीन सोंच, लक्ष्य, उद्देश्य हासिल गर्न यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकाय, विकास साझेदार तथा आम गाउँपालिकाबासी सबैबाट साथ र सहयोग प्राप्त हुनेमा विश्वास गर्दछु ।

१५२. अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानमा भएको व्यवस्था बमोजिम स्थानीय सरकारको हैसियतले व्यवस्थापकीय, कार्यपालिकीय तथा न्यायिक अधिकार कार्यान्वयनको अभ्यास गर्दै भूमे गाउँपालिका स्थानीय सरकारको रुपमा महत्वपूर्ण उपलब्धि हासिल गर्ने तथा नागरिक सर्वोचता, विकास र समृद्धिका गौरवपूर्ण कार्यहरु सञ्चालनको जिम्मेवारी प्रदान गरी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने सुअवसर प्रदान गर्ने आम भूमे गाउँपालिकाबासी नागरिकहरु, नेपाल सरकार, प्रदेश सरकार, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, युवा बुद्धिजिवी, नागरिक समाज, सञ्चार जगत तथा सम्पूर्ण सरोकारवाला पक्षहरुमा हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु। धन्यवाद !

.................

**होम प्रकाश श्रेष्ठ**

**अध्यक्ष**

**सम्बत् २०८१ साल असार ७ गते शुक्रबार ।**